# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३२२ | काठमाडौं | मंगलबार, ०५ चैत २०८१ | Prabhab National Daily | Tuesday, March 18, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**मौसमी फ्लु रोकथामका उपाय**

- बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम गरौं,
- खोक्दा, हाँच्छिउँ गर्दा मुख र नाक छोपौं,
- शारीरिक रूपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- समय समयमा साबुनपानीले हात धुऔं,
- स्यानिटाइजरको प्रयोग गरौं,
- आँखा, नाक, मुख, छोइरहने बानी नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# ३१औं प्रहरी महानिरीक्षक बने दिपक थापा

■ जेबी योञ्जन



- टेकबहादुर तामाङ र सुदीप गिरीलाई पन्छाउँदै थापा महानिरीक्षक नियुक्त
- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा एआइजीमा बढुवा भएका थापा एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवाको विश्वास जित्दै प्रहरी संगठनको नेतृत्वमा
- प्रतिस्पर्धामा पहिलो नम्बरमा रहेका थापाको नियुक्ति विवादरहित हुने दाबी

**काठमाडौं–** नेपाल प्रहरीको ३१औं महानिरीक्षक (आइजी)मा दिपक थापा नियुक्त भएका छन् । सोमबार बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) थापालाई आइजीमा बढुवा गर्ने निर्णय गरेको हो ।

अतिरिक्त महानिरीक्षकद्वय टेकबहादुर तामाङ र सुदीप गिरी थापाका प्रतिस्पर्धी थिए । प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको प्रिय पात्र बन्दा थापा ३१औं महानिरीक्षक भए । थापा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का निर्देशकको जिम्मेवारी थिए ।

प्रहरी महानिरीक्षक (आइजी) वसन्तबहादुर कुँवर आज (मंगलबार)देखि अनिवार्य अवकाशमा जाँदै छन् । कुँवरको अवकाशपछि रिक्त पदमा थापाको नियुक्ति भएको हो । आइजीको दौडमा रहेका गिरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रमुख र तामाङ काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख थिए ।

तीनै जना प्रहरी निरीक्षकमा १९ भदौ २०५२ मा भर्ना भएका थिए । तर, एआइजीमा भने माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री तथा नारायणकाजी श्रेष्ठ गृहमन्त्री भएका बेला थापालाई बढुवा गरिएको थियो । उनको बढुवालाई लिएर त्यसबेलै भावी आइजीको तयारीको रूपमा हेरिएको थियो । प्रहरी संगठनभित्र भने थापाको अकस्मात् बढुवालाई लिएर असन्तुष्टि उत्पन्न भएको थियो । तर, थापाले पछिल्लो समय एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाको पनि विश्वास जितेका थिए । परिणामतः उनी आइजी नियुक्त भए । थापा आइजी २०८२ भदौ १९ गतेसम्म सेवामा रहने छन् ।

त्यसपछि ३० वर्ष सेवा अवधिका कारण अवकाश हुने छन् । तर ३० वर्ष हट्नेगरी ल्याइएको विधेयक संसद्बाट पारित भएमा सेवा अवधि थप हुन सक्ने छ । विधेयक संसद्मा विचाराधीन छ । थापाले यसअघि काठमाडौं उपत्यका प्रहरी कार्यालय रानिपोखरी र एआइजीमा बढुवा भएपछि प्रशासन विभाग प्रमुखका रूपमा काम गरिरहेका थिए । प्रहरी निरीक्षक हुँदा इलाका प्रहरी कार्यालय बनेपा, इलाका प्रहरी कार्यालय गरुडा, रौतहटको इञ्चार्ज भएर काम गरेका थिए ।

नेपाल प्रहरी स्कुल साँगा, प्रहरी स्कुल दिपायल, इलाका प्रहरी कार्यालय मैकोट रुकुम, इलाका प्रहरी कार्यालय कात्तिके देउराली र प्रहरी प्रधान कार्यालयको कर्मचारी शाखामा रहेर काम गरेको थिए ।


त्यसपछि प्रहरी नायव उपरीक्षक (डिएसपी)मा बढुवा भएका थापाले विभिन्न युनिट सम्हालेका थिए । जिल्ला प्रहरी कार्यालय खोटाङ, प्रधानमन्त्री सुरक्षा कार्यालय बालुवाटार, प्रहरी वृत्त महाराजगञ्जमा थापाले कमाण्ड सम्हाले । डिएसपी भएकै बेला इलाका प्रहरी कार्यालय बुटवल, हेडक्वार्टरको कर्मचारी प्रशासन शाखा, जिल्ला प्रहरी कार्यालय मोरङ, सुनसरी र मकवानपुरमा पनि काम गरेका थिए । प्रहरी उपरीक्षक (एसपी)मा बढुवा भएपछि अख्तियारको कोहलपुर र बुटवल काम गरेका उनी चितवनको प्रहरी प्रमुख बने ।

प्रहरी प्रधान कार्यालयको बजेट शाखामा पनि उनले काम गर्ने मौका पाए । प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)मा बढुवा भएपछि आर्थिक प्रशासन महाशाखा र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय प्रमुख बने । त्यसपछि वृत्ति विकास महाशाखा, प्रहरी राष्ट्रिय प्रशिक्षण प्रतिष्ठानमा काम गरे ।


क्रमशः पृष्ठ २ मा


## आइजी कुँवरलाई गरियो बिदाइ

आजदेखि अनिवार्य अवकाशमा जाने प्रहरी महानिरीक्षक (आइजी) वसन्तबहादुर कुँवरको बिदाइ गरिएको छ । उनकै ब्याचमेटहरू एआइजी टेकप्रसाद राई, बुद्धिराज गुरुङ, दुर्गा सिंह, कुवेर कडायत र जनक भट्टराई पनि अवकाशमा गएका छन् । भट्टराई गत १३ फागुनमा एआइजी बनेका हुन् । त्यस्तै डिआइजी ध्रुव राउत, भोला रावल र गणेश चन्दले पनि अवकाश पाएका छन् ।



# सरकार फेर्न फेरि ‘चलखेल’

- राजावादीको आन्दोलनलाई देखाउँदै नयाँ सत्ता समीकरण बनाउने माओवादीको कसरत
- कांग्रेस र एमाले दुवै दलका नेतृत्वसँग छलफलमा माओवादी अध्यक्ष दाहाल
- एमाले–माओवादीको संयुक्त सरकारमा चीनको चाहना, भारतको चाहना भने कांग्रेस–माओवादी गठबन्धनतर्फ
- परराष्ट्रमन्त्री आरजु राणाको दिल्ली भ्रमण सत्ता परिवर्तनको खेलको संकेत भएको आशंका

■ प्रभाव संवाददाता

**काठमाडौं–** संविधान संशोधन अति आवश्यक भन्दै बनेको कांग्रेस र एमालेको संयुक्त सरकारले आठ महिना नपुग्दै फेरि सरकार फेर्ने चलखेल सुरु भएको छ । राजावादीको आन्दोलनलाई देखाउँदै नेपाली कांग्रेस र नेकपा एमालेको तालमेल फुटाउने प्रयासमा विभिन्न समूह लागेको बताइएको छ ।

हुन त नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रतिपक्षमा पुगेदेखि नै ‘यो सरकार अहिल्यै ढल्छ’ भनेर भाषण गर्न थालेको धेरै भइसक्यो । यद्यपि यसपटक भने राजावादी, विभिन्न समूहको आन्दोलनलाई देखाएर सरकार परिवर्तनको वातावरण बनेको बताइन्छ । यसका लागि उत्तरी छिमेक चीन र दक्षिण छिमेक भारत आफू सुहाउँदो सरकार बनाउन लागिपरेको दाबी पनि राजनीतिक वृत्तमा छ ।

एक हप्तायता परराष्ट्रमन्त्री आरजु राणा देउवा भारतको राजधानी नयाँ दिल्लीमा छिन् । उनी आज काठमाडौं फर्कने कार्यक्रम रहेको छ । आरजुको दिल्ली बसाइलाई सत्ता परिवर्तनको खेलको संकेतका रूपमासमेत हेरिएको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारसँग कांग्रेसको संस्थापनइतर रुष्ट सुनिन्छ । कांग्रेस महामन्त्री गगन थापा, नेता डा. शेखर कोइराला जसरी हुन्छ यो सरकार परिवर्तन गर्ने कोर्समा लागेका छन् । कांग्रेस नेता डा. शेखर कोइराला राष्ट्रिय सहमतिको सरकार बनाउनुपर्ने अडानमा देखिँदा माओवादीले यो मुद्दालाई क्यास गर्न खोजेको देखिन्छ ।

माओवादी सांसद लेखनाथ दाहालले आइतबार सदनबाट बाहिरिँदा भनेका थिए– राष्ट्रिय सहमतिको सरकार बनाउनेगरी प्रारम्भिक छलफल सुरु भएको छ । विशेषगरी कांग्रेससँग यो विषयमा छलफल सुरु भएको हो ।

सोही दिन प्रधानमन्त्रीको सचिवालयका केही व्यक्तिले माओवादी अध्यक्ष दाहालले यही विषयमा कांग्रेस सभापति शेरबहादुर देउवासँग लामो कुराकानी गरेको भन्दै मिडियाहरूलाई सूचना बाँडे । उक्त सूचनामा दाहालले देउवा भैरहवामा पार्टीको प्रशिक्षण विभागको कार्यक्रममा पुग्दा सत्ता परिवर्तनबारे लामो कुराकानी भएको बताइएको थियो । ‘एमालेलाई बाहिर राखेर राष्ट्रिय सहमतिको सरकारको नाममा कांग्रेस र माओवादीले सरकार बनाउन लागेको हो,’ प्रधानमन्त्री ओलीको सचिवालयले खटाएको ती व्यक्तिले भनेका थिए ।

सरकारमा कांग्रेसको चर्को पेलान सहिरहेको एमाले अहिले कसरी हुन्छ माओवादीसँग मिलेर सरकार बनाउने चाहनामा लागेकोले यो सूचना बाँडेको बताइन्छ । यता माओवादी भने जसरी हुन्छ यो सत्ता समीकरण भत्काएर एमालेसँग होस् या कांग्रेससँग, मिलेर सरकारमा जाने चाहनामा देखिन्छ ।

राजावादीले आन्दोलन चर्काएको बेला सत्तारुढ दल एमाले ‘डिफेन्स’मा उत्रिए पनि कांग्रेस मौन छ । यसैले पनि एमालेलाई खुसी पार्न माओवादी अध्यक्ष दाहालले शुक्रबार मेलम्ची पुगेर पूर्वराजाको चर्को आलोचना गरेका थिए । ओलीलाई खुसी पार्न दाहालले यस्तो मन्तव्य दिएको राजनीतिक वृत्तमा चर्चामा छ ।

## ‘बेमौसमी बाजा’ बजाएको आरोप

राष्ट्रिय सहमतिको सरकारको नाममा नेकपा माओवादी केन्द्रले बेमौसमी बाजा बजाएको सत्तारुढ दलको दाबी छ । यही विषयले राजनीति तरंगित बनाएपछि नेकपा एमालेले सोमबार सचिवालय बैठक बोलाएको थियो । बैठकपछि एमाले उपमहासचिव प्रदीप ज्ञवालीले भने, ‘यो एकदमै बेमौसमी विषय हो । यो विषयमा हामी प्रवेश गरेनौं । यस्तो बेलामा पनि भागबण्डा खोज्ने भनेकोचाहिँ हामी गणतन्त्रको पक्षमा उभिन खोजेको हो कि यसलाई सत्तामा जाने भऱ्याङ बनाउन खोज्या हो ?’

यता कांग्रेस सचेतक सुशीला थिङले पनि राष्ट्रिय सहमतिको सरकार बनाउनेबारे कुनै छलफल नभएको दाबी गरिन् । ‘यस विषयमा कुनै कुराकानी भएको छैन,’ थिङले भनिन् ।

यता माओवादी अध्यक्ष दाहालसँग एमाले नेता अग्नि खरेलले भेटेर गणतन्त्र पक्षधरहरू मिलेर सरकार बनाउने विषयमा छलफल गरेका थिए । प्रधानमन्त्री ओलीले पनि पछिल्लोपटक ओलीसँग भेटघाट बाक्लो बनाएको प्रधानमन्त्रीको सचिवालयको दाबी छ । दाहाल राजावादीको आन्दोलनलाई भऱ्याङ बनाएर जसरी पनि सरकार फुटाउने दाउमा लागेको नेताहरू बताउँछन् ।

तर माओवादी अध्यक्ष दाहालका स्वकीयसचिव गोविन्द आचार्यले माओवादी सरकारमा जान लागेको भन्नु हल्लामात्र भएको दाबी गर्छन् । ‘सरकारमा जान लागेको विषय हल्ला हो । अहिले हामी चैत १५ गतेको जनसभाको तयारीका लागि जुटेका छौं,’ आचार्यले भने ।

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रमिकको समस्यामा म्यानपावर र दूतावासले बेवास्ता गरेको पूर्वश्रममन्त्री अर्यालको आरोप

- गुनासो राख्दा म्यानपावर व्यवसायीले उल्टै थर्काउने गरेको अर्यालको भनाइ
- व्यवसायी भन्छन्– जिम्मेवार व्यक्तिले विनाप्रमाण आरोप लगाउनु ठीक होइन

■ ममता थापा



**काठमाडौं–** प्रतिनिधिसभा सदस्य एवं पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीमा गएका श्रमिकले समस्या परेको गुनासो गर्दा म्यानपावर कम्पनी र सम्बन्धित देशमा रहेको नेपाली राजदूतावासले सम्बोधन नगरेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् ।

सोमबारको प्रतिनिधिसभा बैठकमा बोल्दै उनले श्रमिकले समस्याबारे गुनासो गर्दा म्यानपावर व्यवसायीले उल्टै थर्काउने गरेको सुनाए । दूतावासले पनि श्रमिकको गुनासोमा बेवास्ता गरेको पाइएको उनको भनाइ छ । सांसद अर्यालले त्यस्ता व्यवसायीलाई कानुनको दायरामा ल्याउन सरकारसँग माग गरे । दूतावासले श्रमिकहरूको समस्यामा बेवास्ता गर्ने गरेको गुनासो आफूसमक्ष दैनिक आइरहेको उनको भनाइ थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट निर्वाचित सांसद अर्यालका अनुसार युएई र मलेसियाको सेक्युरिटी कम्पनीमा कार्यरत श्रमिकहरूले सम्झौताअनुसार पारिश्रमिक, बिदा र औषधि उपचार पाएका छैनन् । ‘विदेशमा पसिना बगाएर पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रलाई टेको दिएको विदितै छ । तर उनीहरूको पीडा भने हामीले बुझ्न सकेका छैनौं । दैनिकजसो मेरो सचिवालयमा ठगिएको, समस्यामा परेको र दूतावासमा समस्या राख्दा बेवास्ता गर्ने गरेको गुनासो आउने गरेको छ,’ उनले भने, ‘हालै युएई र मलेसियाको सेक्युरिटी कम्पनीमा कार्यरत श्रमिकहरूले सम्झौताअनुसार पारिश्रमिक, बिदा र औषधि उपचार नपाएको गुनासो हामीमाझ गर्नुभएको छ ।’

व्यवसायीहरूले भने उक्त आरोपको खण्डन गरेका छन् । कोही व्यवसायीले श्रमिकको समस्या सम्बोधन नगरेको भए प्रमाणसहित बुझाउन नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले आग्रह गरे । अपवादमा एकाध व्यवसायीले त्यस्तो गरेको भेटिए पनि त्यसमा सबै व्यवसायीलाई मुछ्न नहुने उनको भनाइ छ । महासचिव भुर्तेलले श्रममन्त्री भइसकेको व्यक्तिले सबै व्यवसायीलाई मुछेर यस्तो आरोप लगाउनु सुहाउँदो नभएको जिकिर गरे ।

‘अहिले मलेसियामा श्रमिक अत्यन्तै न्यून संख्यामा गइरहेको अवस्थामा बढी उजुरी आयो भन्नु नै गलत छ,’ महासचिव भुर्तेलले भने, ‘श्रमिकलाई सम्झौताअनुसारको सेवा सुविधा दिइएन भने कामदार पठाउने संस्था स्वयं जिम्मेवार हुनुपर्छ । यदि संस्थाले जिम्मेवारी ननिभाए वैदेशिक रोजगार विभागले कानुनअनुसार कारबाही गर्दै आएको छ ।’

उनले सांसद अर्याल आफैं मन्त्री हुँदा त्यस्ता व्यवसायीलाई किन कानुनी दायरामा ल्याउन सकेनन् भनी प्रश्नसमेत उठाए । ‘उहाँ आफैं श्रममन्त्री बन्नुभयो । अहिले पनि कानुन बनाउने र कार्यान्वयन गराउने ठाउँमा हुनुहुन्छ, खोइ त कारबाही गर्नुभएको,’ महासचिव भुर्तेलले प्रश्न गरे ।

वैदेशिक रोजगार विभागले जुन देशमा धेरै श्रमिक जान्छन् त्यहीँबाट बढी उजुरी आउने गरेको बताएको छ । हाल साउदी र युएईबाट बढी उजुरी आउने गरेको विभागको भनाइ छ । यद्यपि, कुन देशबाट कति उजुरी आयो भन्ने देशगत तथ्यांक विभागले उपलब्ध गराउन सकेन ।

विभागमा चालु आर्थिक वर्षको माघसम्म एक हजार ६६ वटा उजुरी परेका छन् । यस अवधिमा ७४ जनालाई उद्धार गरिएको विभागले जनाएको छ । विभागले सात महिनामा ४४३ जना पीडितलाई क्षतिपूर्ति उपलब्ध गराएको तथ्यांक छ । त्यसैगरी २० जनाले आपसी सहमति गरेका छन् । जम्मा एक हजार ६६ उजुरीमध्ये ५६५ वटा फर्स्योट भएको विभागले जनाएको छ ।


क्रमशः पृष्ठ २ मा



**जनहितमा जारी सन्देश**

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

एसइई परीक्षाको तयारी सकियो

# पाँच लाख १४ हजार ७१ विद्यार्थी सहभागी हुँदै

■ प्रभाव संवाददाता

**भक्तपुर-** राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को सम्पूर्ण तयारी पूरा गरेको छ । परीक्षा नियन्त्रण कार्यालय, कक्षा-१० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले यही चैत ७ गतेदेखि देशभर एकैसाथ सुरु हुने एसइई परीक्षाको सबै तयारी पूरा भएको जानकारी दिए । बोर्डले परीक्षाका लागि प्रश्नपत्र, सिम्बोल नम्बर, उत्तरपुस्तिका र अन्य सामग्री प्रत्येक जिल्लामा पुगिसकेको जनाएको छ ।

परीक्षा नियन्त्रक पौडेलले भने, 'गत वर्ष २०८० को एसइई परीक्षामा चार लाख ६४ हजार ७८५ परीक्षार्थी सहभागी थिए । यस वर्षको परीक्षामा विद्यार्थीको संख्या ४९ हजार २८६ जना बढेर पाँच लाख १४ हजार ७१ जना छन् ।'

कार्यालयले यस वर्षको एसइई परीक्षाका लागि देशभर दुई हजार ७९ परीक्षा केन्द्र निर्धारण गरेको छ । परीक्षामा १५० जनासम्म परीक्षार्थी भएको केन्द्रमा एक जना सहायक केन्द्राध्यक्ष हुने छन् भने २० जना विद्यार्थी बराबर एक जना निरीक्षक खटिने भएका छन् । परीक्षामा ७५ जनाभन्दा कम परीक्षार्थी भएको केन्द्रमा सहायक केन्द्राध्यक्ष नराखिने जनाइएको छ ।

यसपटकको एसइईमा बाल सुधार केन्द्र र कारागार गरी तीनवटा विद्यालयबाहिरका केन्द्र निर्धारण गरेको छ । परीक्षा नियन्त्रक पौडेलले काठमाडौं र दैलेखका दुई कारागार तथा भक्तपुरको बाल सुधार गृहबाट विद्यार्थीलाई परीक्षा दिने व्यवस्था गरिएको जानकारी दिए ।

यस वर्षको एसइईमा कीर्तिपुरस्थित सफलता एचआइभी शिक्षा सदनबाट पनि विद्यार्थी सहभागी हुने भएका छन् भने यहाँबाट चार जना एचआइभी संक्रमित विद्यार्थीले एसइई परीक्षा दिने भएका छन् ।

यस वर्षको एसइई चैत ७ गतेदेखि सुरु भएर १९ गते सम्पन्न हुने भएको छ । परीक्षा बिहान ८ बजेदेखि बिहान ११ बजेसम्म सञ्चालन हुने छ । परीक्षा तालिकानुसार पहिलो दिन चैत ७ गते अनिवार्य अंग्रेजी विषय, सोही दिन संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरसातर्फ अनिवार्य अरबी भाषाको परीक्षा हुने छ ।

चैत ८ गते अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीहरूका लागि अंग्रेजी (इलेक्टिभ इङ्लिस) को परीक्षा हुने छ । चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान तथा प्रविधि एवं संस्कृततर्फ शुक्लयजुर्वेद, सामवेद, अथर्ववेद, नीतिशास्त्रलगायत विषयको परीक्षा हुने छ । १३ गते अनिवार्य सामाजिक, १४ गते ऐच्छिक प्रथम, १५ गते ऐच्छिक द्वितीयको परीक्षा सञ्चालन हुने छ ।

लेटर ग्रेडिङ प्रणालीमै यस वर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्न तयारी गरिएको छ । चैत १९ सम्म सञ्चालन परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ । २०८० सालको एसइईमा ४८ प्रतिशतमात्रै विद्यार्थी उत्तीर्ण भएका थिए ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/१०/२० मा दर्ता भएको **प्रा.लि. नं. ६००८४** को **कास्विन मिडिया होम प्रा.लि.** को मिति २०८१/१२/०४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. ३८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Langtang Overseas Pvt.ltd.** (ई.प.नं. १६४३/०८०/०८१) मा कार्यरत **विरेन्द्र कुमार नेगी (ना.प्र.प्र.नं: १४३७)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

LANGTANG OVERSEAS PVT.LTD.
Gov. LIC No. 1643/080/081
Basundhara-03, Kathmandu Nepal. Contact: 014971229, 015903078, 9707312439, 9851354196
Email - info@langtangoverseas.com, Website: www.langtangoverseas.com
Pokhara Contact : 061-570074, 061-570075, Mobile 9810124144, 9856035786


### युएइमा रोजगार

कम्पनी : Anson Construction LLC

पूर्व स्वीकृति मिति : २०८१/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०४ | LT. No. 309568 | चलानी नं. ६०२२४३३६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Welder | 1 | 0 | 1200 | ४५,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber Helper | 2 | 0 | 1000 | ३७,९०० | | | | | | | |
| 3 | Plumber | 4 | 0 | 1200 | ४५,४८५ | | | | | | | |
| 4 | Helper Electrician | 1 | 0 | 1000 | ३७,९०० | | | | | | | |
| 5 | Assistant Welder | 1 | 0 | 1000 | ३७,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १२ गते (25th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम ईजाजत नं. ६९४/०६३/०६४

### कतारमा रोजगार

कम्पनी : United Hotels Management

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | LT. No. 320553 | चलानी नं. ६०२३४६६८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Services | 4 | 0 | 1200 | ४५,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 2 | 0 | 2500 | ९५,३८० | | | | | | | |
| 3 | Supervisor/administrative | 0 | 1 | 1800 | ६८,६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १२ गते (25th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

### कतारमा रोजगार

कम्पनी : MNT Contracting and Services WII — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | LT. No. 320235 | चलानी नं. ६०२३४५०५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 24 | 62 | 1000 | ३८,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Cleaning Worker | 15 | 19 | 1000 | ३८,१५० | | | | | | | |
| 3 | General Cleaning Worker | 0 | 4 | 1000 | ३८,१५० | | | | | | | |
| 4 | Labourer (Male) | 6 | 0 | 1000 | ३८,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ९ गते (22nd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LEADER OVERSEAS PVT.LTD.
Govt. License 1408/074/75
Samakhusi-26, Kathmandu, BAGMATI, Ph No.01-495039, Email :leaderoverseas2018@gmail.com

### युएइमा रोजगार

कम्पनी : TIRHAL EMPLOYMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०४ | LT. No. 315749 | चलानी नं. ६०२३००६४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/labour | 35 | 0 | 900 | ३४,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 30 | 0 | 1200 | ४५,४८५ | | | | | | | |
| 3 | Construction Carpenter General | 35 | 0 | 1200 | ४५,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १२ गते (25th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

### साउदीमा रोजगार

कम्पनी : Ahmed Saad Farhan Al-Yamani Foundation for Meals

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | LT. No. 320506 | चलानी नं.६०२३४६४७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1400 | ५१,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १२ गते (25th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUHASHA LINK PVT. LTD.
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

### CYPRURS मा रोजगार

कम्पनी : Panagiota Meletiou Private International Employment Agency

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | LT. No. 320470 | चलानी नं. ६०२३४६३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | EUR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 900 | १३०,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | houskeeping | 5 | 0 | 750 | १०९,११० | | | | | | | |
| 3 | Waiters/Waitress | 5 | 5 | 750 | १०९,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १२ गते (25th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KINGFISHER OVERSEAS PVT.LTD
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu, Nepal, Contact no.:+977-014112437/014112160
Email: kingfisheroverseasnepal@gmail.com

### युएइमा रोजगार

कम्पनी : The Royals For Sports Clubs And Facilities Management And Operation Llc

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ | LT. No. 320539 | चलानी नं. ६०२३४६६७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 12 | 5 | 800 | ३०,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 7 | 0 | 1200 | ४६,000 | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १२ गते (25th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMANA MANPOWER PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5442000, Mob: 9841582762, 9818898298
E-mail : info@amanmanpower.com.np, Web: www.amanmanpower.com.np
Govt. License No. 1716/081/082


## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८१/१२/०५ गते

यस माछापुच्छ्रे बैंक लि. मिर्चैया शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/ब्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/०२/२० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

### तपसिल

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, लाहान सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **मो. अल्लाउदिन एण्ड ब्रदर्स हार्डवेयर ।**
दर्ता नं. ६९५१/२०७४/०७५, दर्ता मिति : २०७४/०६/२९, पान नं. ६०७०९५४२९, दर्ता मिति : २०७४/०७/१५
ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५, **प्रोप्राईटर : सेख अल्लाउद्दीन**

**व्यक्तिगत जमानतकर्ता**

| | |
|---|---|
| **१. सेख अल्लाउद्दीन**<br>ना.प्र.नं. ३०८२, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४७/१०/२२<br>बाबु : सेख मुलतुजा<br>बाजे : सेख गफुर<br>ठेगाना : सिरहा जिल्ला, रामपुर विर्ता गा.वि.स. वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. १ | **२. रसिदा खातुन**<br>ना.प्र.नं. १५३०९४/३२, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/१२/२४<br>बाबु : सेख कासिम<br>पति : सेख अल्लाउद्दीन, ससुरा : सेख मुलतुजा<br>ठेगाना : सिरहा जिल्ला, रामपुर विर्ता गा.वि.स. वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. १ |
| **३. अब्दुल कादिर**<br>ना.प्र.नं. ७७४६३५४५, जि.प्र.का. सिरहा<br>जारी मिति : २०५५/११/१६<br>बाबु : सेख मुलतुजा<br>बाजे : सेख गफुर<br>ठेगाना : सिरहा जिल्ला, रामपुर विर्ता गा.वि.स. वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. १ | **४. फरिदा खातुन**<br>ना.प्र.नं. १५३०९४/३४, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/१२/२४<br>बाबु : कासीम<br>पति : अब्दुल कादिर, ससुरा : सेख मुलतुजा<br>ठेगाना : सिरहा जिल्ला, रामपुर विर्ता गा.वि.स. वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. १ |
| **५. शेख मुलाजिम**<br>ना.प्र.नं. ४०१५, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४५/०१/०८<br>बाबु : सेख मुलतुजा<br>बाजे : सेख गफुर<br>ठेगाना : सिरहा जिल्ला, रामपुर विर्ता गा.वि.स. वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. १ | **६. नुरजहान खातुन**<br>ना.प्र.नं. १५३०९४/२४, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/१२/२४<br>बाबु : सेख हसन<br>पति : शेख मुलाजिम, ससुरा : सेख गफुर<br>ठेगाना : सिरहा जिल्ला, रामपुर विर्ता गा.वि.स. वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. १ |

**७. जाकिरा खातुन**
ना.प्र.नं. ७७४१३०८३, जि.प्र.का. सिरहा, जारी मिति : २०३६/०२/१३
बाबु : साजिर, पति : शेख मुलतुजा, ससुरा : सेख गफुर
ठेगाना : सिरहा जिल्ला, रामपुर गा.वि.स. वडा नं. ९, हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. १

**धितोमा रहेको सम्पतिको विवरण**

१. सेख गफुरको नाति, सेख मुलतुजाको छोरा, सिरहा जिल्ला, रामपुरविर्ता वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. १ बस्ने सेख अल्लाउद्दीनको नाम्मा मालपोत कार्यालय सिरहामा दर्ता कायम भएका सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ११२१ को क्षेत्रफल ०-०-१०३/४-० (बि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी मो. अल्लाउदिन एण्ड ब्रदर्स हार्डवेयरले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hyothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : | बोलपत्र खोलिने मिति, समय र स्थान : |
|---|---|
| २०८१/१२/११ सोमबार कार्यालय समय सम्म<br>शाखा कार्यालय, मिर्चैया | २०८१/१२/१२ मंगलबार दिनको ३:३० बजे<br>शाखा कार्यालय, मिर्चैया |

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, मिर्चैया

नेपाल सरकार
गृह मन्त्रालय
**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय**

## हाजिर हुन आउने बारेको सूचना

देहायमा उल्लेखित विवरणका सशस्त्र प्रहरी कर्मचारीहरु सशस्त्र प्रहरी बल, नेपालका विभिन्न ईकाईबाट बिदा तथा आफुखुसी लाईन ब्यारेक छाडी भागि गैह्र हाजिर रहि कुनै किसिमको सम्पर्कमा समेत नरहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र गैह्र हाजिर रहनुको मनासिव कारण सहित सम्बन्धित कार्यालयमा सम्पर्क राख्न आउनु होला । अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली २०७२ (संशोधन सहित) बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उपनियम (१) को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईलाई जानकारी गराईएको छ ।

**देहाय:-**

| सि.नं. | आई.डि.नं. | दर्जा | नामथर | बाजेको नाम | बाबुको नाम | दरबन्दी | कार्यरत स्थान | स्थायी वतन | गैह्र हाजिर रहेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६६३६७ | सप्रज | धनिश्वर खनाल | रिखीराम खनाल | चेतकान्त खनाल | स.प्र.बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वत | स.प्र.बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वत | जिल्ला अर्घाखाँची भुमिकास्थान न.पा. २ नयाँ बजार | २०८१/१०/०२ |
| २ | ६८३४२ | सप्रज | नबराज थापा क्षेत्री | उद बहादुर थापा | गोर बहादुर थापा क्षेत्री | स.प्र.बल, नेपाल नं. ३० गण हे.क्वा. बागेश्वरी बाँके | स.प्र.बल, नेपाल नं. ३० गण हे.क्वा. बागेश्वरी बाँके | जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं. २ | २०८१/१०/२८ |
| ३ | ६१७८५ | सप्रज | सुरेश ओड | दिपे वड | झपटे वड | स.प्र.बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलाली | स.प्र.बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलाली | जिल्ला अछाम मेल्लेख गाँउपालिका वडा नं. ६ (साविक सोडषा गा.वि.स.वडा नं. २) हाल जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा नं. ६ साडेपानी | २०८१/१०/०१ |
| ४ | ६३४९५ | सप्रज | सरोज श्रेष्ठ | खड्ग नारायण श्रेष्ठ | खेमराज श्रेष्ठ | स.प्र.बल, नेपाल नं. ७ गण हे.क्वा. सिराहा | स.प्र.बल, नेपाल नं. १९ गण हे.क्वा. (विशेष कार्यदल) वंगालामुखी | जिल्ला उदयपुर चौदण्डीगढी नगरपालिका वडा नं. ६ | २०८१/१०/२६ |
| ५ | ६७८०८ | सप्रज | लक्ष्मण खाती | लाल बहादुर खाती | विर बहादुर खाती | स.प्र.बल, नेपाल नं. ३६ गण हे.क्वा.डोटी | स.प्र.बल, नेपाल दन्तकालि विशेष कार्य तालिम शिक्षालय | जिल्ला डडेलधुरा नवदुर्गा गाउँपालिका वडा नं. ३ | २०८१/१०/२१ |
| ६ | ६४८६४ | सप्रज | मनोज तुम्बापो | यम बहादुर तुम्बापो | सन कुमार तुम्बापो | स.प्र.बल, नेपाल नं. ६ गण हे.क्वा. सप्तरी | स.प्र.बल, नेपाल दन्तकालि विशेष कार्य तालिम शिक्षालय | जिल्ला पाँचथर फिदिम नगरपालिका वडा नं. ५ | २०८१/१०/२१ |
| ७ | ६५६१५ | सप्रज | ओम नारायण यादव | मिश्रीलाल यादव | बलराम यादव | स.प्र.बल, नेपाल नं. १ गुल्म हे.क्वा. कञ्चनजंगा ताप्लेजुङ्ग | स.प्र.बल, नेपाल दन्तकालि विशेष कार्य तालिम शिक्षालय | जिल्ला सप्तरी, बेल्ही चपेना गाउँपालिका वडा नं. १ (हाल राजगढ गाँउपालिका वडा नं. १) | २०८१/१०/२२ |
| ८ | ३३६२ | सप्रनानि | राकेश धामी | गोविन्द सिह धामी | शिवसिह धामि | राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान | नेपाल ए.पि.एफ. अस्पताल बलम्बु | जिल्ला कन्चनपुर देखतभुली-०८ | २०८१/०९/१४ |
| ९ | ६५०७७ | सप्रज | पंकज कुमार पाल | बिष्णु मण्डल | विरेन्द्र कुमार पाल | स.प्र.बल, नेपाल नं. 4 गण हे.क्वा. सुनसरी | स.प्र.बल, नेपाल नं. 4 गण हे.क्वा. सुनसरी | जिल्ला सुनसरी साविक साहेवगंज गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल जिल्ला सुनसरी देवानगंज गा.पा.- ०५ बस्ने | २०८१/१०/२८ |
| १० | ६७१९५ | सप्रज | हेमन्त बहादुर मल्ल | कृष्ण मल्ल | लाल बहादुर मल्ल | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरिक सुगठन शिक्षालय | स.प्र.बल, नेपाल खेलकुद तथा शारिरिक सुगठन शिक्षालय | जिल्ला बझाङ्ग केदारस्यूँ गा.पा. ०४ | २०८१/१०/२५ |
| ११ | ६३९७४ | सप्रज | किशोर बिष्ट | करन बहादुर बिष्ट | थिर बहादुर बिष्ट | स.प्र.बल, नेपाल नं. ३४ गण हे.क्वा. कैलाली | स.प्र.बल, नेपाल आश्रीत गुल्म बझाङ्ग | जिल्ला बझाङ्ग थलरा गाउपालिका वडा नं. ९ | २०८१/०९/२० |
| १२ | ६७३९७ | सप्रज | दुर्गा प्रसाद कडेल | गौतम कडेल | कमल प्रसाद कडेल | स.प्र.बल, नेपाल प्रधान कार्यालय कार्य विभाग | स.प्र.बल, नेपाल प्रधान कार्यालय मद्दती तथा सेवा निर्देशनालय | जिल्ला पाल्पा, बगनासकाली ०२ | २०८१/१०/३० |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नयाँ प्रहरी प्रमुखका चुनौती

प्रहरी महानिरीक्षक (आइजी) वसन्त कुँवरले आफ्नो कार्यकाल विवादैविवादमा बिताए । आइजी बन्नुभन्दा तीन दिनअघिमात्र एआइजी बनेर आइजीमा बाजी मारेका कुँवर भुटानी शरणार्थी प्रकरणदेखि सहकारीको रकम अपचलनमा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेको प्रकरणसम्म विवादमा मुछिए ।

पछिल्ला दिनहरूमा प्रहरीप्रतिको आकर्षण र विश्वास गुम्ने क्रममा छ । यसमा मलजल गर्ने काम आइजी कुँवरले पनि गरे । सर्वेन्द्र खनाल राजनीतिमा प्रवेश, नवराज सिलवाल, रमेश खरेलहरूको राजनीतिप्रतिको रुचिले पनि प्रहरी संगठनको नेतृत्व राजनीतिक नेताहरूसँग घाँटी जोड्छन् भन्ने कुराको पुष्टि भइसकेको थियो ।

सोमबार मन्त्रिपरिषद्को निर्णयसँगै ३१औँ आइजी बनेका छन् दिपक थापा । थापालाई ८० हजार प्रहरीको नेतृत्व गर्नु अहिले चुनौती नै छ । एक त अपराधमा प्रविधिको प्रयोग, अर्को बढ्दो भ्रष्टाचार र सेटिङमा अपराधी भगाउने काम रोक्ने काम पनि थापाको काँधमा आएको छ । बिदा भएका आइजी कुँवरले विभिन्न सहकारीको रकम घोटाला गरेका ग्यालेक्सी टेलिभिजनका सञ्चालक जिबी राईलाई पक्राउ गर्न सकेनन् । अझ कुँवरले रास्वपा सभापति लामिछानेलाई निर्दोष भन्न भ्याए । उनै आइजी कुँवरको पालामा लामिछाने पक्राउसमेत परे, सोही प्रकरणमा । यसैगरी भुटानी शरणार्थी प्रकरणमा 'हाइ प्रोफाइल' व्यक्तिहरू पक्राउ गर्न नसक्दा कुँवर आलोचित बने ।

प्रहरी प्रमुखलाई राजनीतिक दलबाट आउने दबाब हो जवान नियुक्तिदेखि नै स्वार्थअनुकूल काम गराउनु । नयाँ आइजीको पहिलो चुनौती नै यो विषयमा चोखो रहनु हो । यसैगरी प्रहरी अझैसम्म पनि संघीय संविधानअनुसार जान सकेको छैन । प्रदेशमा प्रहरी नपुग्दा संघीयताकै खिल्ली उडिरहेको छ । नेपाल प्रहरी विधेयक सदनमा पुगे पनि यसले कानुनको रूप लिन सकेको छैन । यसलाई कार्यान्वयनमा लान अबको प्रहरी प्रमुखले जोड दिनैपर्छ ।

अहिले सरकारको उपप्रधानमन्त्री प्रकाशमान सिंहसँग जोडिएको बालमन्दिर प्रकरणलाई कसरी लान्छन् यो पनि चुनौतीको विषय छ । अर्को विषय नयाँ आइजीले जुनसुकै राजनीतिक शक्तिलाई रिझाउन कुनै पनि कसर बाँकी नराखेको आरोप पनि छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल, अहिलेका प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासम्मलाई मनाएर आइजी बनेको आरोप थापामाथि छ । यस्तो अवस्थामा थापाले संगठनलाई राजनीतिक दबाबमुक्त र विश्वासनीय संगठन बनाएर आफू प्रमाणित हुनुपर्ने समय आएको छ ।

# भ्रष्टाचारको जड: कमजोर अख्तियार, कमाउ मानसिकताका जनप्रतिनिधि र कर्मचारी



■ दामोदर खनाल

मुलुकमा तीन तहको सरकार छ । हाम्रा जनप्रतिनिधिहरूले पनि पुरानै पञ्चायतकालीन् संस्कारमा काम गर्न छाडेका छैनन् । जसका कारण विकास, समृद्धि र राहत पाउने आशामा रहेका जनताले 'पुराना राजा गए, नयाँ राजा महाराजा आए' भन्न थालेका छन् । बिल्कुल नयाँ अनाडी र आफन्तलाई ठेक्कापट्टा दिएर बजेट सक्ने काम पनि कतिपय ठाउँमा भएकै छन् । कतिपय काम गर्ने ठेकेदार नै जनप्रतिनिधिको भएका पाइएका छन् ।

मुलुकमा पछिल्लो समय भ्रष्टाचार, बेथिति र विसंगति बढ्दै गएका छन् । जसका कारण आमनागरिकमा निराशा बढ्दो छ । भ्रष्टाचारको प्रमुख जड अख्तियारको कमजोर कार्यशैली, कमाउ मानसिकताका जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारी नै हुन् भन्दा कत्ति फरक पर्दैन । यसैका बारेमा यहाँ विश्लेषण गर्ने प्रयास गरेको छु ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग सार्वजनिक पद धारण गरेका व्यक्तिबाट आफ्नो पदको दुरूपयोग गरी अनुचित लाभ लिने कार्य (भ्रष्टाचार) नियन्त्रणका लागि काम गर्ने जिम्मेवारीप्राप्त संवैधानिक निकाय हो । २०४७ माघ २८ गते आयोगको स्थापना भएको हो । यद्यपि, हिजोआज हरेक क्षेत्रमा बेथिति, विकृति र अनियमितता बढेपछि आमनागरिक व्यक्तिगत रिसइबीलगायत जे-जस्ता केशमा पनि अख्तियारको शरणमा पुग्ने गरेको अख्तियारका विभिन्न ठाउँमा रहेका कार्यालयमा परेको उजुरीहरूबाट स्पष्ट हुन्छ । पछिल्लो समय नागरिकमा राष्ट्रसेवक कर्मचारी र राजनीतिक दलका नेता तथा जनप्रतिनिधिको कामप्रति चरम निराशा छ ।

केही वर्षयता अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा जिल्लाका विभिन्न कार्यालयमा विभिन्न क्षेत्रमा अनियमितता र भ्रष्टाचार भएको भन्दै उजुरीको चाङ लागेको छ । केही वर्षयता परेका उजुरी हेर्दा लाग्छ, उत्कृष्ट शासन व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई राज्य सञ्चालकहरूले बद्नाम नै गराए । बाँडिचुडी लुटेर खाने व्यवस्था नै हो कि भन्ने गराएको आमनागरिकले महसुस गर्न थालेका छन् ।

नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेर जागिर खाएको, जग्गा ठगी, शिक्षक छनोट प्रक्रिया नपुऱ्याएका, नदीजन्य पदार्थको घाटगद्दी नगरेको, लुम्बिनी विकास कोषको काममा अनियमितता गरेको, कार्यालयमा हरेक साल एउटै सामान खरिद गरेको, कृषि अनुदान वितरणमा मनपरि, ठेक्कापट्टामा आफन्त, बजेट र सहयोगमा नातावाद, कृपावाद, आफन्तहरूकोमा टुक्रे योजना, शिक्षक कर्मचारी सरुवा, बढुवा, सरकारी जग्गा अतिक्रमणजस्ता उजुरी परेको तथ्यांक अख्तियारमा भेटिन्छ । माथि उल्लेख गरिएका कुराहरू भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रमहरूमा बताइँदै आएको पनि पाइन्छ ।

अख्तियारमा उजुरीको चाङ नै छ । यो संख्या प्रतिवर्ष बढ्दै गएको र स्थानीय तहरूको उजुरीको संख्या पनि बढिरहेको तथ्यांकले देखाउँछ । स्थानीय तहले वितरण गर्ने सूचना तथा विज्ञापनमा व्यापक अनियमितता भएको, दर्ताविनाका मिडियाहरूलाई पनि रकम भुक्तानी दिएको, विज्ञापनमा कर्मचारीले कमिसन लिएको जस्ता कार्य भएकोले पनि विभिन्न कार्यालय र पालिकामा हुने बेथिति र कर्मचारीले गर्ने अख्तियाको दुरूपयोगको अवस्था भयावह छ भन्ने स्पष्ट नै हुन्छ । तर यसबारेमा अनुगमन र कारबाही अत्यन्तै फितलो छ ।

कार्यालयमा हुने घुसखोरी, स्थानीय विकास निर्माणको काममा ढिलासुस्ती, भन्सारमा हुने अनियमितता, ठेकेदार र प्राविधिकहरूको मिलेमतोमा हुने गुणस्तरहीन काम, प्रदेश तथा पालिकामा तेलका कुपन वितरणमा अनियमितता, कर्मचारीको हस्ताक्षर र उपस्थितिमा मिसमास तथा एउटै कर्मचारी धेरै दिनसम्म काजमा बसेको, माल सामान जथाभावी खरिद गर्दा स्टक सामानमा जालो नै लाग्ने गरेको विषयमा बेलाबेला खबरहरू सार्वजनिक भएको पाइन्छ ।

जानकारीअनुसार कतिपय यस्ता कार्यमा सभासद, उच्च पदस्थ कर्मचारी र जिल्लाका राजनीतिक दलका जिम्मेवार नेता, पालिका प्रमुख, मन्त्रीहरूसमेतको संलग्नता भएको बताइन्छ । निरन्तर प्रदेश सरकारको औचित्य छैन भनेर आमनागरिक र स्वयं कतिपय नेताहरूले भनिरहँदा शीर्ष भनिएका नेताहरू तैं चुप मै चुप देखिनु, उनीहरूमा जनमैत्री भाव हराउँदै जानु, प्रदेश सरकार छिटो-छिटो परिवर्तन भएका कारण बेथिति र भ्रष्टाचार मौलाउन बल पुगेको देखिन्छ ।

सांसद, मन्त्रीले विकृति बढाइरहँदा, भ्रष्टाचारलाई मलजल गरिरहँदा पनि कारबाही नहुँदा आमनागरिकले 'ठूलालाई चैन, सानालाई ऐन' भनिरहेको अवस्था छ । भाषण चिल्ला, मिठा गर्ने तर व्यवहारमा काम उल्टो गर्ने हाम्रा नेताको प्रवृत्ति अत्यन्त खराब र हानिकारक छ भन्दा फरक पर्दैन । पछिल्लो समय पूर्वराजा ज्ञानेन्द्र शाहलाई स्वागत गर्नेको भीड यस्तै-यस्तै विकृतिको उपज होइन ?

हुन त पछिल्लो समय केही ठूला काण्डका फाइल खुलेर केही ठूला माछा पक्राउ परेका छन् तर अझै धेरै ठूलामाछा कारबाहीमा नपरेका तथ्यहरू सार्वजनिक भएको जगजाहेर नै छ । सदनमै 'फाइल खोल्दिम ?' भन्ने सांसद-मन्त्रीका जुहारीका दृश्य पनि मञ्चन भइरहेको छ । शीर्ष भनिएका नेताका आरोप-प्रत्यारोप पनि गज्जबै लाग्दो छ ।

प्रदेश र संघीय सरकार अस्थिरताका कारण छ/छ महिनामा मन्त्री फेर्नेभन्दा अरु केही हुन सकेन । राष्ट्रसेवक कर्मचारी पनि जनताको काम छिटो छरितो गर्नुभन्दा काममा आलटाल गरेर दुई-चार पैसा टेबुलमुनिबाट वा माथिबाट हाकाहाकी कमाउने दाउमै हुन्छन् । सरकारी कार्यालयमा विकास निर्माणका काम परिणाममुखी पटक्कै छैन । राजस्व अनुसन्धानका कर्मचारी पनि मिसमास, न्यून बिल र हिसावकिताव हेर्ने बहानामा आफूखुसी जरिवाना लगाएर व्यवसायीलाई दुःख दिने प्रवृत्ति व्याप्त रहेको व्यवसायीका गुनासोबाट नै स्पष्ट हुन्छ ।

अर्थात् राजस्व चुहावट नियन्त्रण गर्ने जिम्मा पाएका कतिपय कर्मचारी आफ्नै खल्ती भर्नेतिर तल्लीन देखिन्छन् । हामी जबसम्म नैतिकवान् बनेर नीति नियमलाई व्यवहारमा लागू गर्न सक्दैनौं, नीति नियम सहज र जनमुखी बनाउँदैनौं तबसम्म गलत कामले प्रश्रय पाइरहन्छ । जनतामा निराशा बढि नै रहन्छ । साँच्चै अख्तियार र इलाका प्रशासन कार्यालयका प्रमुखहरूले इमान्दार भएर काम गर्ने इच्छाशक्ति देखाउने हो भने मुलुकको यो कहालीलाग्दो भ्रष्टाचार कम गर्न सकिन्छ ।

### असारे विकासले बढाउँदै भ्रष्टाचार

हुन त हाम्रो विकास निर्माणको काम गर्ने शैलीले पनि भ्रष्टाचार बढाएको छ । ११ महिना कानमा तेल हालेर बस्ने हाम्रा सरकारी विकासे अड्डा असारमा रातभरि काममा तल्लीन देखिन्छ । कतिपय विकासे अड्डामा बिल भर्पाइ मिलाउन पनि भ्याइनभ्याइ हुन्छ । जहाँ हुने काम पनि हुन्छ नै, नहुने काम पनि भइराखेको हुन्छ ।

अनि सरोकारवाला निकाय पनि तैं चुप मै चुप हुन्छन् । असार महिनामा झण्डै ४० प्रतिशत रकम खर्च हुन्छ । हामीकहाँ विकासको रकममा पनि ऱ्याल काढ्ने कर्मचारीको कमी छैन । गत आर्थिक वर्षको असारदेखि हालसम्मको विकास निर्माणको गति हेर्ने हो भने निराशाजनक छ ।

यथार्थ कुरा गर्दा मुलुकमा तीन तहको सरकार छ । हाम्रा जनप्रतिनिधिहरूले पनि पुरानै पञ्चायतकालीन् संस्कारमा काम गर्न छाडेका छैनन् । जसका कारण विकास, समृद्धि र राहत पाउने आशामा रहेका जनताले 'पुराना राजा गए, नयाँ राजा महाराजा आए' भन्न थालेका छन् । बिल्कुल नयाँ अनाडी र आफन्तलाई ठेक्कापट्टा दिएर बजेट सक्ने काम पनि कतिपय ठाउँमा भएकै छन् । कतिपय काम गर्ने ठेकेदार नै जनप्रतिनिधिको भएका पाइएका छन् ।

असार महिनामा हचुवामा विकास निर्माणका काम हुनु भनेको वर्षासँगै बजेट बगाउनु हो । अनि काम गुणस्तरीय नभएका कारण टिकाउ पनि हुँदैन । कतिपय ठाउँमा त कालोपत्रेको काम साता दिनमै उप्किएका खबरहरू हामीले सुन्ने/देख्ने गरेका छौं ।

ठेकेदारले दुई-तीन जना कामदार देखाएर करोडौंको काम भइरहेको बहानामा बिल भर्पाइ मिलाउने, भुक्तानी लिने गरेको कुरा नौलो होइन । कतिपय प्राविधिकहरू लेनदेनको आशामा काम मापदण्डबमोजिम सम्पन्न नभए पनि आँखा चिम्लेर सहीछाप गरिदिन्छन् ।

### समाजमा देखिने सम्पत्तिको छानविन जरूरी

महिनामा ४०-५० हजार रूपैयाँ तलब भत्ता खाने कतिपय राष्ट्रसेवक कर्मचारी र नेता, मन्त्रीको जीवनशैली निकै 'हाइफाइ'युक्त छ । करोडको गाडी चढ्छन्, तीन-चार करोडको घर जोडेका छन् । अनि जग्गा, उद्योग र बैंकमा लाखौं लाख रूपैयाँ पनि उनैको हुन्छ । तर यस्ता स्रोत न सरकारले देख्छ न अख्तियारले । यस्ता सम्पत्तिको स्रोत खुलेन, पुष्टि हुने प्रमाण पुगेन, निवेदन परेन भनेर मौन बस्नुभन्दा अब अख्तियार, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र जिल्ला प्रशासन कार्यालयले शंका लागेका त्यस्ता कर्मचारीको गाडी घर नियन्त्रणमा लिएर आम्दानीको स्रोत पुष्टि गर्न नसके राष्ट्रियकरण गर्ने हिम्मत गर्नुपर्छ ।

अख्तियार र सरोकारवाला निकायले जबसम्म यस्ता गैरकानुनीरूपमा नेता, मन्त्री, कर्मचारी, पत्रकारलगायतले करोडौंको सम्पत्ति कमाएको देख्दैन तबसम्म भ्रष्टाचार रोकिँदैन । घुस माग्यो भन्दै साना कर्मचारीबाट १०-१५ हजार रूपैयाँमा समात्नुको खासै औचित्य हुँदैन । अख्तियार र राजस्वमा काम गर्ने कर्मचारी दरिलो, आँटिलो, इमान्दार र नैतिकवान् हुनै पर्दछ । अब नागरिक समाज गठन गरेर भ्रष्टाचारीलाई सामाजिक बहिस्कारसम्मका कार्य गर्न पछि पर्न हुँदैन ।

कार्यालयमा भ्रष्टाचार नहोस्, सेवाग्राहीले छिटोछरितो चुस्त दुरुस्त तरिकाले सेवा पाउन् भन्ने उद्देश्य राख्ने अख्तियारले शिक्षा, मालपोत, भन्सार, सडक, यातायात, नगरपालिका, जनस्वास्थ्य, अस्पताल, विकास कोष, आयल निगमजस्ता कार्यालय र केही अन्य संस्थाहरूमा आर्थिक अनियमितता र बेथिति बढेको आशंकासहित बेलाबखत निगरानी, अनुगमन र अनुसन्धान गरेको पाइन्छ । अख्तियारको केन्द्रबाट पनि पटक-पटक विभिन्न ठाउँमा टोली खटिएर ती क्षेत्रको अनुगमन अनुसन्धान गरेको पनि देखिन्छ । तर भ्रष्टाचार न्यूनीकरण हुनुको साटो झनै बढेको तथ्यांकमा देखिन्छ ।

सरकारी कार्यालयमा राखिएको नागरिक बडापत्रअनुसार काम भएको पनि पाइँदैन । तसर्थ सरकारी कार्यालयभित्रका काम र बाहिरी विकासको कामलाई पनि अख्तियार र सरोकारवाला निकायले मसिनोगरी देख्न जरुरी छ । हामीमा नैतिकता र इमान्दारिता नहुँदासम्म अख्तियारमा परेका उजुरी र वर्तमान अनुसान्धानको पारा हेर्दा यथार्थमा 'भ्रष्टाचारमुक्त समाज, हाम्रो अधिकार' भन्ने नाराले कहिले मुक्ति पाउने हो, यसै भन्न सकिँदैन ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीमा रहँदा ध्यान दिनुपर्ने कुराहरु

### बचत गर्ने बानीको विकास

प्रवासमा कामदारहरू आयआर्जनकै लागि जाने हुँदा र उक्त आर्जनबाट घरपरिवारका लागिसमेत निकै जरूरी र महत्त्वपूर्ण हुने गर्छ । सबै कामदारहरूले आफूले कमाएको पैसालाई बचत गर्ने राम्रो बानीको विकास गर्नुपर्दछ । फाल्तु खर्च नगर्ने, अनावश्यक घूमफिर, बाहिर खाने, खाडी मुलुकहरूमा प्रतिबन्धित र निकै महँगो पर्ने अल्कोहलजन्य मादकपदार्थको सेवन, धूमपान, जुवा तास, लटरी या मनोरञ्जनका लागि गरिने खर्च कटाएर मात्र कमाएको आर्जनको राम्रो बचत गर्न सकिन्छ । धेरै नेपाली श्रमिकले कमाएको ठूलो हिस्सा उपरोक्त शीर्षकहरूमा खर्च गर्ने गरेका पाइन्छन् । यसका अतिरिक्त अनावश्यक तवरमा फोन कल गरिरहँदा पनि तलबको ठूलै हिस्सा खर्च गर्ने गर्दछन्, यस्ता कुराहरूमा राम्रो सोच विचार पुऱ्याउनुपर्दछ । आफूले पाएको तलब नियमितरूपमा घर पठाउने र त्यसरी घर पठाउने रकमको पनि केही हिस्सा उत्पादनमूलक उद्योग व्यवसायमा लगानी गर्ने या सोका लागि नियमित र क्रमिकरूपमा बचत गर्दै वैदेशिक रोजगार कामदारहरूले जान्नैपर्ने कुराहरू जानुपर्दछ । बचत रकम बैंक तथा वित्तीय संस्थामा राखेर सुरक्षितका साथै ब्याज आर्जन गर्न पनि सकिन्छ ।

### सीप विकासमा ध्यान दिने

आय आर्जन र सीप विकासको अन्तरसम्बन्ध हुन्छ । सीप तथा दक्षताकै आधारमा रोजगारदाताले तलब सुविधा दिने र बेलाबेलामा वृद्धि पनि गर्ने हुँदा हरेक कामदारले आफ्नो पेसामा उपयोगी सीपलाई बढाउँदै जानुपर्दछ । यसका लागि काममा रूचि तथा लगनशीलता राख्ने, अनुभवीसँग सधैं केही नयाँ कुरा सिक्ने कोसिस गर्ने र कामसँग सम्बन्धित अध्ययन र अभ्यासलाई तिखार्दै जानुपर्दछ ।

### बैंकिङ प्रणालीबाट पैसा पठाउने

आफूले कमाएको पैसालाई जहिल्यै पनि बैंकिङ माध्यमबाटै पठाउनुपर्दछ । विभिन्न मुलुकहरूमा अवैधरूपमा सञ्चालित हुण्डी जस्ता जोखिमपूर्ण माध्यम (सञ्जाल)मा कहिल्यै विश्वास र प्रयोग गर्नुहुँदैन । मुद्राको अवैध कारोबार (हुण्डी) गर्ने दलाल तस्करहरू कतिले नेपाली कामदारहरूको पैसा ठगी गरेर भागेका पनि छन् । त्यस्तो अवैध कारोबार अपनाउँदा देशको राजस्वमासमेत क्षति पुगिरहेको हुन्छ । बैंकिङ माध्यमबाट पठाएको रकमको मात्र स्रोत खुल्ने हुँदा पछि नेपालमा आएर समस्या भोग्नु पर्दैन । अवैध च्यानलबाट पैसा भित्र्याएको खण्डमा आफूले विदेशमा कमाएर जोडेको घर सम्पत्तिको स्रोत खुलाउन नसकेर समस्यामा पर्ने जोखिम हुनसक्छ । त्यसैले सधैं बैंकिङ च्यानलकै प्रयोग गर्नुपर्छ ।






» बैकुण्ठ भण्डारी

# चैतेहरुलाई चाहियो सुविधा !

'ऊ त विशिष्ट अरे ! त्यही भएर उसलाई आर्यघाट लगेर खरानी नबनाउञ्जेल राज्यको ढुकुटीबाट खर्च गर्ने रे,' मेरो कुरा सुनेर किरण काका खित्का छाड्दै हाँसे । उनीसँग थिए उनका सुपुत्र गणेश । पल्लो कुनामा रहेको बढेमानको टेबलमा ल्यापटपमा हिसाव गर्दै थिए भन्दै थिए, 'हैन कति चाहिँ चाहिने हो ? जति भए पनि नपुग्ने ।'

सोफामाथि खुट्टा बाँधेर बसेका किरण काकाले बत्तीस दन्त देखाउँदै खित्का छाडे । 'खाउन् हो खाउन् । दुनियाँले खाकै छन् । ती विचरा त्यही खानकै लागि त गाका हुन् ।' विशिष्ट भई टोपलेका छन् । विचराहरूलाई खान दिउँ । हामी तिरिहाल्छौं नि कर ।

उता गणेश के हिसाव मिलेन र हो दुवै हातले टाउको समाउँदै भन्दै थियो, 'चोरहरू, हामीलाई यहाँ यस्तो तनाव छ 'शून्य' व्यापार हुँदा पनि कर मज्जाले तिर्नुपर्ने ? ५० ठाउँमा यो र त्यो भन्दै कर तिर्ने हामी राज्यको ढुकुटी रित्याउने तिनीहरू ।'

छोरोको कुरा सुनेर किरण काकाले दुवै खुट्टा सोफाबाट झारे । शिरमा लगाएको ढाकाको टोपी अलि मिलाएर लगाए । मुसुमुस हाँसिमात्र रहे । मानौं यी पूर्व विशिष्टेहरूले सुविधा पाउँदा आफैंले पाउँछु जस्तै गरे । अनि मैले भनें, 'खासमा कुरा के हो भने यिनीहरूले पदमा बस्दा पनि ढुकुटी रित्याए । नजिकका आसेपासेमार्फत ठेक्कापट्टा भन्दै धन्दा मच्चाए । अब फेरि यिनलाई नै चाहिएको छ सुविधा ।'

उता गणेश मेरो कुरामा सहमत जनाउँदै हो हो भन्दै थियो । तर किरण काकालाई मेरो कुरा चित्त बुझेन छ क्यारे । त्यही भएर यो देश बिगार्नेमा सबैभन्दा दोषी भने कर्मचारीतन्त्र हो । नेतालाई कमिसन खान सिकाउने नै तिनै हुन् । नेतालाई मात्र दोष दिएर के हुन्छ र ?

मैले भनें, 'त्यो होइन कसले भन्यो र ?'

नेतालाई कमिसन खान सिकाउने उच्च तहका कर्मचारीलाई जागिर खाएबापत तलव, काम गरेबापत भत्ता, हरेक दिन बैठक बसेको बेग्लै भत्ता, सवारी, इन्धन, दैनिक उपभोग्य सामग्री सवै सुविधा लिएर पनि चाहिएको छ हरेक फाइलमा कमिसन ? कसरी देश बन्छ ?

किरण काकालाई बल्ल चित्त बुझेछ र भन्न थाले, 'हो त्यही भएर मैले भनेको विदेशमा जस्तै काम गरुञ्जेल सुविधा, काम सकिएपछि बिदा ।'

उता गणेशले हाँस्दै भन्यो, 'के मान्थे, पाइलापाइलामा खान पल्केकाहरू । बरु कुन कानुन मिलाएर थप के-के पाइन्छ भन्छन् । 'यिनीहरूलाई विशिष्ट बनाएका त जनताले हो नि । जनता कंगाल यिनीहरूचाहिँ मालामाल कसरी ?,' मैले किरण काकालाई सोधें ? सेवा गर्न भनेर आएकाहरूले सेवा नै गर्नुपऱ्यो नि । जुन दिनसम्म पदमा बहाल रहन्छ त्यो दिनसम्म मात्र राज्यले जे-जे दिनुपर्ने हो दिने त्यसपछि केही पनि नदिने व्यवस्था गर्नुपर्छ ।

काकाले भने, 'त्यसका लागि तिमी नै नेतृत्वमा पुग्नुपर्छ । अनि भएका सुविधाभोगी कानुन खारेज गर्न सक्नुपर्छ । तर त्यो पनि कहाँ सजिलो छ र ? खाइपाइ आएको कसैले कटौती गर्न दिन्छ ?'

'गाह्रो छ हो गाह्रो,' गणेशले लामो सास फेरेर भन्यो ।

'लुट्न सके लुट कान्छा लुट्न सके लुट, अन्त कतै पाइँदैन नेपालमै छुट' भन्ने गीतजस्तै भयो अहिले त । पाइलापाइलामा लुट ! भोलिका सन्ततिले के पाउँलान् हो अब ।

काकाले खित्का छाडे, 'भोलिका सन्तति के भन्या ? को बोल्या ?' अब सकियो सन्तति, जो हाम्रो पुस्ता बस्यौं बस्यौं । अब अरु बस्नेवाला छैनन् । हुनेखाने युरोप अमेरिका, अलि कम भएकाहरू कोरिया, जापान त्यसपछिको कतार, दुबई जान्छन् । बूढा पुस्तामात्र हो यहाँ बस्ने । अबको इतिहासमा त बूढाहरू मात्र बस्ने देशका रूपमा रूपान्तरण हुँदै छ । बूढा नेताहरूले गर्दा ।

गणेशले उता ल्यापटपको ढकनी बन्द गऱ्यो । 'के बूढा नेताले गर्दामात्र भन्नुहुन्छ । युवा नेताहरूका पनि चाला देखियो त । जसरी हुन्छ लुट्नमा नै मस्त । कुरा एकातिर काम अर्कोतिर ! कसैले छोड्नेवाला छैनन है बाबा यहाँ ।'

'अब तिमीजस्ता युवाहरूले पनि यस्तै भन्ने हो भने के होला त ?,' मैले गणेशलाई सोधें ।

उसले जवाफ दियो, 'सकेसम्म यही गर्ने केही सीप नलागे घरखेत बेच्ने विदेश भासिने ? क्लियर छ त अंकल !'

मैले मनमनै सोचें- हुन पनि हो नि, अधिकांश विदेश जाने युवा पुस्ताले यहाँका घरघडेरी बेच्न लगाएका छन् । युरोप अमेरिकामा नै पुस्तान्तरण गर्न थालिसकेका छन् । देश त उही गरिबका छोराहरूले दुबई, कतार, साउदीबाट पठाएको रेमिटचान्सले चलेको छ त । अनि त्यही रेमिटचान्स र विश्व बैंकले दिएको ऋणबाट आफूलाई विशिष्ट भन्दै कात्रो नओडुञ्जेलसम्म सुविधा खोजेको हो त । रामै गरेछन् ।

एकैछिन् म टोलाएँ । किरण काकाले खित्का छाड्दै हाँसेर भने, 'किन टोलाएको, के भो ? त्यो सुविधा चाहियो कि क्या हो ?'

'अहँऽ चाहिएन । पसिनाको कमाइमात्र मज्जाले पच्छ, अर्काको रगतको कमाइले खरानी नहुञ्जेलसम्म मोज गर्ने त नर्कमा पर्छ,' मैले फचाट्ट मुख खोलें ।

पुस्तौं पुस्तासम्म सत्ताको नजिक बसेर जनताको रगत पसिनामा रसस्वाद गर्नेहरूलाई कुनै हालतमा पनि सुविधा दिनु हुँदै हुँदैन । बहाल हुञ्जेल खाऊ, पद सकिएपछि जसरी घरबाट आको त्यसैगरी जाऊ । लौ है गणेश तिमीहरू जाग्नुपऱ्यो अब ।

गणेश अलि विरक्तिदो पारामा पुग्यो । 'खै के होला ?'

'हुन्छ । अब गर्ने भनेकै युवाहरूले हो । जोश जाँगर निकाल्ने, अगाडि बढ्ने । पछाडि त फर्केर पनि नहेर्ने । बढेपछि अगाडि बढ्योबढ्यो,' मैले ऊर्जा थपिदिएँ ।

गणेशले भन्यो, 'ल बाबा के गर्दा ठीक हुन्छ त ? यो पूर्वविशिष्ट भन्दै राज्यको ढुकुटी रित्याउने कामको अन्त्य हुनैपर्छ । राजा हुन् कि रैती पूर्व हुन् कि पश्चिम कसैलाई पनि पद सकिएसँगै कुनै पनि सुविधा नदिने कानुन चाहियो ।'

'ठीक हो बाबु, 'अब तिमीहरूले आजैबाट आ-आफ्नो पेसा र कर्मबाट अभियान सुरु गर । हामी हाम्रो तर्फबाट गर्छौं । मुलुकलाई टाट पल्टिनेगरी केही सीमित व्यक्तिहरूको हातमा राज्यको ढुकुटी सुम्पनु भावी पुस्ताका लागि निकै घातक हुन्छ ।'

किरण काका सोफाबाट जुरुक्क उठे र भने, 'हो अब यी सुविधाभोगी चैतहरूलाई सुविधा दिने कुरा यही चैतमा नै अन्त्य गरौं ।'

# कर्णाली प्रदेश अस्पताललाई प्रतिष्ठान बनाउन सुझाव

■ प्रभाव संवाददाता

**कर्णाली-** कर्णाली प्रदेश अस्पताल स्तरोन्नतिका सम्बन्धमा गठित डा. भगवान कोइराला संयोजकत्वको उच्चस्तरीय अध्ययन समितिले प्रतिवेदनसहित प्रदेश सरकारलाई सुझाव दिएको छ ।

समितिका संयोजक प्रा.डा. कोइरालाले आइतबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री यामलाल कँडेललाई कर्णाली प्रदेश अस्पताललाई प्रतिष्ठानका रूपमा विकास गर्न सकिने प्रतिवेदन बुझाएका हुन् । प्रदेश सरकारले कर्णाली प्रदेश अस्पतालको संस्थागत एवं संरचनात्मक सुधारका विकल्पसहित अध्ययन प्रतिवेदन तयार पार्न प्रा.डा. कोइरालाको नेतृत्वमा छ सदस्य समिति गठन गरी चार महिनाअघि जिम्मेवारी दिएको थियो ।

उक्त कार्यक्रममा संयोजक प्रा.डा. कोइरालाले जनस्वास्थ्य नियमावली, २०७७ को अनुसूची ४ बमोजिमका विशिष्टीकृत स्वास्थ्य सेवा सञ्चालन गरी प्रदेशमा विद्यमान स्वास्थ्य सेवाको पहुँच र गुणस्तरलाई सुदृढ बनाउन सरोकारवालाको सुझाव तथा समग्र पक्षको अध्ययनले प्रदेश अस्पताललाई प्रदेशको नेतृत्वदायी अस्पताल एवं स्वास्थ्य प्राज्ञिक केन्द्रको रूपमा विकास गर्नुपर्ने आवश्यकता देखिएकाले सोहीबमोजिम विकल्पसहित प्रतिवेदन तयारी पारिएको बताए । उनका अनुसार प्रदेश अस्पतालबाट हालसम्म सञ्चालन हुन नसकेका विशिष्टीकृत सेवाको प्रवाह हुने र यसमा अतिरिक्त आयका स्रोतहरूको पहिचान भई आयस्रोत बढाउन सकिने प्रतिवेदनमा उल्लेख छ ।

मुख्यमन्त्री कँडेलले कर्णालीवासीका निम्ति एक्लै गर्न नसकिने कामलाई सबैबाट राय सल्लाह लिएर दीर्घकालीन योजना तयार गर्ने उद्देश्यले तथ्य र तथ्यांकसहित विज्ञहरूको प्रतिवेदन खोजिएको बताए । उनले भने, 'हामीले प्रतिवेदन ग्रहण गरेका छौं । अब समितिले दिएको सुझावका आधारमा अगाडि बढ्छौं । प्रदेशको समग्र स्वास्थ्य प्रणालीलाई राष्ट्रियस्तरमा उकास्न स्वास्थ्य क्षेत्रको सुधार कार्यका निम्ति प्रतिवेदनलाई आधार मानेर सरकारले अगाडि बढ्छ ।'


## मोटरसाइकल हराएको सूचना

मिति २०८१।११।२९ गते, ललितपुर जिल्लामा दिनको अन्दाजी १२:०० बजेको समयमा सातदोबाटो स्थित पार्किङ गरिराखेको निलो रङ्को 220cc Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : कमल खत्री
बाइक नं.: Pra - 02 - 055 - 1017
च्यासिस नं.: MD2A13EX1RCH83590
इन्जिन नं. : DKXCRH 48597
ठेगाना: ललितपुर, सातदोबाटो
सम्पर्क: ९८४००५९३६६

## बहराइनमा रोजगार

कम्पनी : ELENA BEAUTY SALOON

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | पुन: विज्ञापन स्वीकृति मिति २०८१/१२/08 | LT. No. 305160 | चलानी नं. ६०२२९५६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ५५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १२ गते (25th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Eminence Recruitment International Pvt Ltd
Govt. License No. 1569/079/80
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel No: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977, Branch Office Chitwan (9855063454, 9806595102, Email : Info@eminencenepal.com, Website : Ww.eminencenepal.com

## कुवेतमा रोजगार

कम्पनी : LIVESTOCK TRANSPORT AND TRADING CO.KSC

पूर्व स्वीकृति मिति : २०८१/04/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/08 | LT. No. 308313 | चलानी नं. ६०२२३००२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Supervisor | 10 | 0 | 150 | ६७,७९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Butcher | 10 | 0 | 110 | ४९,७१५ | | | | | | | |
| 3 | Labor | 50 | 0 | 105 | ४७,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १२ गते (25th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
**Federal Water Supply and Sewerage Management Project**
Dhangadhi, Kailali

## Issuance of Letter of Intent to Award the Contract

*Date of Publication: 2081/12/05*

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2081-10-29 in Nagarik Daily Newspaper for execution of the Supply and Delivery of Goods as specified below as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S. N. | Contract ID No. | Description of Works | Lowest Evaluated Bidder | Evaluated Bid Amount Including VAT (Nrs.) |
|---|---|---|---|---|
| 1 | 01/2081-82/NCB/ G/FWSSMP/ Dhangadhi | Supply and Delivery of PE 100 HDPE Pipe for Different Water Supply Projects of Kailali, Bajhang and Bajura District | Star Polypipe Industries Pvt. Ltd., Nepalgunj, Banke | 3153265.00 |

## चाँगुनारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिपाटी, भक्तपुर
बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८१/१२/०५ गते

**आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना**

यस कार्यालयबाट मिति २०८१/०९/०८ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको मितिभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४७ अनुसार गठित मूल्याङ्कन समितिबाट विस्तृत मूल्याङ्कन हुँदा तपसिल बमोजिमका बोलपत्र दाताहरूको प्राविधिक प्रस्तावहरू सारभूत रूपमा प्रभावकारी भएको हुँदा २०८१/१२/१३ गते दिनको १ बजे चाँगुनारायण नगरपालिका खरिपाटी, भक्तपुरमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ३१ (ङ) को उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| 1. | CM/WORKS/09/ 081/82/03 | KMC faidhoka cha na pa 1 ward saraswati khel bus park somthali syaldanda sadak staronnati | 1.H.R.B. Construction Pvt. Ltd.<br>2. Naulakha / Durpana J.V<br>3. Devithan/Deshemaru J.V.<br>4. Kishan and Dristi Builders (P). Ltd.<br>5. J.A. ENGINEERIN -H.C.R. J.V.<br>6. Palanchok Construction Pvt. Ltd<br>7. P.S.-DS-GURA JV<br>8. Regmi- Surendra-Safeway JV<br>9. Sapana and Swikriti - R.P. JV |

प्रमुख प्रशासकीय अधिकृत

## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१२/०५ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले गोगंबु शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८१/०८/१४ गते राष्ट्रिय दैनिक आर्थिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री उन्नतिशिल बहुउद्देश्यीय सहकारी संस्था लि ।**
**रजिष्टर्ड ठेगाना : इचंगुनारायण -४, काठमाण्डौ ।**
**हालको ठेगाना : का.म.न.पा-१५ , स्वयम्भु , काठमाण्डौ दर्ता नं: २१६/०५३/५४**

| कर्जा उपभोग गर्दाको संचालक तथा जमानीकर्ताको विवरण | |
|---|---|
| **१) नाम : केशव प्रसाद पोखरेल (अध्यक्ष तथा जमानीकर्ता )**<br>बाबु : देबी प्रसाद पोखरेल<br>बाजे : शिवनिधी पोखरेल<br>ना प्र नं. : १२१४/८४४२<br>ठेगाना : भिमढुङ्गा- ७ , काठमाण्डौ | **७) नाम : निमा ध्याम्छो तामाङ (संचालक र जमानीकर्ता )**<br>बाबु : दलमान तामाङ<br>बाजे : गर्जमान तामाङ<br>ना.प्र.नं : २१८८/१०१४०<br>ठेगाना : का म न पा-१५ , काठमाण्डौ |
| **२) नाम : शंकर कुमार के सी (उपाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु :विष्णु बहादुर खत्री<br>बाजे : नर बहादुर खत्री<br>ना.प्र.नं : ४५१४/१५४१४६३५<br>ठेगाना : जनकपुर-९, धनुषा, | **८) नाम : राम कुमारी श्रेष्ठ (संचालक)**<br>पति : राम कुमार श्रेष्ठ<br>ससुरा : प्रेम श्रेष्ठ<br>ना.प्र.नं : ६/२५६४ ४०३<br>ठेगाना : इचंगु -१ , काठमाण्डौ |
| **३) नाम : उत्तम प्रसाद पोखरेल (संचालक )**<br>बाबु : कृष्ण प्रसाद पोखरेल<br>बाजे : शिवनिधी पोखरेल<br>ना.प्र.नं : २७ १९७६/७४९०<br>ठेगाना : रामकोट -४, काठमाण्डौ | **९) नाम : नेत्र बहादुर गुरुङ (संचालक)**<br>बाबु : छयोक्याल गुरुङ<br>बाजे :कर्म गुरुङ<br>ना.प्र.नं :२६७<br>ठेगाना : मुक्तिनाथ-१, मुस्ताङ |
| **४) नाम : निमा वाङगेल लामा (संचालक )**<br>बाबु : कोन्छयो वाङ्दुई लामा<br>बाजे : पेमा ध्याम्छो<br>ना.प्र.नं : ६७४१<br>ठेगाना : का म न पा -१५ , काठमाण्डौ | **१०) नाम : मुकुन्द देवकोटा (कार्यकारी प्रमुख तथा जमानिकर्ता )**<br>बाबु : श्याम प्रसाद देवकोटा<br>बाजे : कमलीकान्त देवकोटा<br>ना.प्र.नं : ६५७९०<br>ठेगाना : पालुङटार -५ , गोरखा |
| **५) नाम : बैकुन्ठ प्रसाद मरहठा (संचालक )**<br>बाबु : लक्ष्मी प्रसाद मरहठा<br>बाजे : थरी प्रसाद मरहठा<br>ना.प्र.नं :६/१२४४<br>ठेगाना : भिमढुङ्गा -७, काठमाण्डौं | **११) नाम : रमेश सापकोटा ( जमानिकर्ता )**<br>बाबु : नुतन सापकोटा<br>बाजे:चेतनाथ सापकोटा<br>ना.प्र.नं : ७८५००<br>ठेगाना : बेलकोट-९, नुवाकोट |
| **६) नाम : रामेश्वर प्रसाद पोखरेल (संचालक र जमानीकर्ता )**<br>बाब : गोकुल प्रसाद पोखरेल<br>बाजे : लक्ष्मी प्रसाद पोखरेल<br>ना.प्र.नं : २२६९<br>ठेगाना : भिमढुङ्गा- ७ , काठमाण्डौ | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री चेतनाथ सापकोटाको नाति श्री नुतन सापकोटाको छोरा नुवाकोट जिल्ला बेलकोट न.पा वडा नं. ९ बस्ने श्री रमेश सापकोटा को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला पोखरा उ म न पा गा.वि.स./ न.पा वडा नं. १७ को कित्ता नं.४६ को क्षेत्रफल २३१.३० र कित्ता नं. १४ को क्षेत्रफल १९७५.४० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री शिव निधि पोखरेलको नाती श्री देवी प्रसाद पोखरेलको छोरा काठमाण्डौ जिल्ला भिमढुङ्गा गा.वि.स./ न.पा वडा नं. ७ बस्ने श्री केशव प्रसाद पोखरेलको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला भिमढुङ्गा गा.वि.स./ न.पा वडा नं. ८ को कित्ता नं. ४६४ को क्षेत्रफल ७३३.२६ र कित्ता नं. ४५८ को क्षेत्रफल १६२.९३ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री इन्द्र भक्त प्रधानाङ्गको नातीनी श्री हिमालय भक्त मल्ल प्रधानाङ्ग को छोरी काठमाण्डौ जिल्ला का म न पा गा.वि.स./ न.पा वडा नं. १३ बस्ने श्री सिस्मा मल्ल प्रधानाङ्ग को नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला का म न पा गा.वि.स./ न.पा वडा नं. १३ को कित्ता नं. २२९ को क्षेत्रफल १८१.७९ घर जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. श्री दामे तामाङको नाती श्री मामि तामाङको छोरा रसुवा जिल्ला वृद्धिम गा.वि.स./ न.पा वडा नं. ६ बस्ने श्री तेन्जेन तामाङको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला सितापाईला गा.वि.स./ न.पा वडा नं. ८ को कित्ता नं. १५५ को क्षेत्रफल ७९.४७ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

५. श्री वुङचे सार्कीको नाती श्री सनामान सार्किको छोरा काठमाण्डौ जिल्ला भिमढुङ्गा गा.वि.स./ न.पा वडा नं. ६ बस्ने श्री जित बहादुर सार्की को नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला भिमढुङ्गा गा.वि.स./ न.पा वडा नं. ६ को कित्ता नं. १३६ को क्षेत्रफल ३३३.८६ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

६. श्री वुङचे सार्कीको नाती श्री सनामान सार्किको छोरा काठमाण्डौ जिल्ला भिमढुङ्गा गा.वि.स./ न.पा वडा नं. ६ बस्ने श्री मंगले सार्की को नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला भिमढुङ्गा गा.वि.स./ न.पा वडा नं. ६ को कित्ता नं. १३५ को क्षेत्रफल ३४१.७५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

७. श्री वुङचे सार्कीको नाती श्री सनामान सार्किको छोरा काठमाण्डौ जिल्ला भिमढुङ्गा गा.वि.स./ न.पा वडा नं. ६ बस्ने श्री दमाई सार्की को नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला भिमढुङ्गा गा.वि.स./ न.पा वडा नं. ६ को कित्ता नं. १३४ को क्षेत्रफल ३४१.७५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६०००01मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै गोंगबु शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय गोंगबुमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेको धितोअरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National Co-operative Bank Limited (NCBL) | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web www. ncbl.coop

# प्रभाव दैनिक





## भुसाललाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड'

वरिष्ठ हास्य अभिनेत्री बसुन्धरा भुसाल 'लाइफटाइम अचिभमेन्ट अवार्ड' बाट सम्मानित भएकी छन् । हालै थिमी नगरपालिकामा आयोजित 'एपिक नेपाल म्युजिक अवार्ड २०८१' मा उनलाई शो सम्मान दिइएको हो । प्रथम महिला श्रीमती राधिका शाक्य, आयोजक एपिक नेपालका अध्यक्ष एमन श्रेष्ठ, सांसद महेश बस्नेत लगायतले उनलाई खादा, माला, नगदसहित सम्मान पत्रले सम्मानित गरे । कार्यक्रममा म्युजिक भिडियो निर्देशक समाजकी अध्यक्ष बबिता श्रेष्ठ, अभिनेता शिव श्रेष्ठ, द्वन्द्व निर्देशक राजेन्द्र खड्गीलगायतका व्यक्तिहरू उपस्थित थिए ।




मंगलबार, ०५ चैत २०८१ (Tuesday, March 18, 2025)


# 'अञ्जिला'को मुनाफाबाट घर बनाइने



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक अञ्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित चलचित्र 'अञ्जिला' प्राप्त हुने मुनाफा उनकै घर निर्माणमा प्रयोग गरिने निर्माता प्रेमकुमार श्रेष्ठले बताएका छन् । कप्तान सुब्बालाई इलामदेखि काठमाडौं ल्याएर विभागीय टोली सशस्त्र प्रहरी बलमा फुटबल खेलाउनुभएका निर्माता श्रेष्ठले 'अञ्जिलाको आफ्नै घर' अभियान सञ्चालन गरेका हुन् ।

उनले भने, 'यस चलचित्रबाट प्राप्त सम्पूर्ण मुनाफा अञ्जिलाको घर निर्माणमा लगाउने छौं । नेपालमा प्रदर्शनबापत आउने रकम र त्यस अगाडि हङकङ, बेलायत र दक्षिण कोरियामा गरिएको विशेष प्रदर्शनीबाट संकलन भएको रकमले हामीले देखेको सपना पूरा हुनेमा विश्वस्त छौं ।'

उनी कप्तान सुब्बाको धर्मपिताका रूपमा परिचित हुन् । गत फागुन २९ गते होलीलाई लक्षित गर्दै प्रदर्शन सुरु भएको चलचित्रले तीन दिनमा रु दुई करोड सात लाखको व्यापार गरेको वितरक करण श्रेष्ठले जानकारी दिए । 'प्रदर्शनकै दिनदेखि हामी काठमाडौं उपत्यकामा रहेका प्रायः चलचित्र भवनमा पुगेर दर्शकमाझ प्रतिक्रिया लिइरहेका छौं । चलचित्रको व्यापार पहिलो दिनको तुलनामा दोस्रो दिन र दोस्रो दिनको तुलनामा तेस्रो दिन बढेको छ । चलचित्र हेर्नुभएका दर्शकले राम्रो प्रतिक्रिया दिनुभएको छ, यसकारण आउँदा दिनमा व्यापार बढ्नेमा हामी विश्वस्त छौं', वितरक श्रेष्ठले भने ।

उनले चलचित्र प्रदर्शनको चौथो दिन आइतबार र पाँचौं दिन पनि दर्शकको उपस्थिति राम्रो रहेको जानकारी दिँदै थप व्यावसायिक तथ्यांक आउँदो केही दिनमा सार्वजनिक गर्ने बताए । कप्तान सुब्बा आफैंले अभिनय गरेका कारण दर्शक उहाँको संघर्ष र सफलतासँग भावनात्मक रूपमा जोडिएको निर्देशक मिलन चाम्सले बताए ।

'कप्तान सुब्बाको कथा सुनेपछि यसले अन्यलाई प्रेरणा दिन्छ भनेर चलचित्र निर्देशन गर्न सहमत भएको थिएँ । हामीले रुचाएको कथालाई दर्शकले पनि रुचाउनु भयो । यो सफलताले आगामी दिनमा अन्य खेलाडीको कथामा चलचित्र निर्माण गर्न हौसला थपेको छ', निर्देशक चाम्सले भने । चलचित्रमा कप्तान सुब्बासँगै प्रेमकुमार श्रेष्ठ, सुनिल थापा, दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ, सुमीन गुरुङ, बुद्धि तामाङ लगायतका कलाकारले अभिनय गरेका छन् । चलचित्र निर्माणमा तुबेन्द्र लिम्बू, विनोद अग्रवाल, राजेश बगडियाले सहकार्य गरेका छन् ।

### यू-१९ विश्वकप एसिया छनोट

# नरेनको कप्तानीमा १८ सदस्यीय टोली

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले नरेन भट्टको कप्तानीमा आइसिसी यु-१९ विश्वकप एसिया छनोट खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले सोमबार उनलाई कप्तानी जिम्मेवारी दिएको जानकारी दिएको हो । टोलीको उपकप्तानी भने अभिषेक तिवारीले पाएका छन् ।

यु-१९ विश्वकप एसिया छनोट अप्रिल १२ देखि २१ सम्म काठमाडौंमा हुने तय छ ।

नेपालसहित अफगानिस्तान, हङकङ, ओमान र संयुक्त अरब इमिरेट्स (युएई) ले सहभागिता जनाउने छन् । नेपालले त्यसअघि अफगानिस्तानसँग युथ एकदिवसीय अन्तर ाष्ट्रिय सिरिज खेल्ने तय छ ।

अफगानिस्तानसँग सिरिजको पहिलो खेल ३ अप्रिल, दोस्रो ६ अप्रिल र अन्तिम ९ अप्रिलमा हुनेछ । सबै खेल माथिल्लो मूलपानी क्रिकेट मैदानमा हुने क्यानले जनाएको छ ।

क्यानले सोमबार नै बन्द प्रशिक्षणमा रहेका खेलाडीको संख्या १८ मा झारेको छ । त्यसबाट अन्तिम १४ सदस्सीय टोली घोषणा गर्ने क्यानले जनाएको छ । टोलीलाई मुख्य प्रशिक्षक शक्ति गौचनले प्रशिक्षण दिइरहेका छन् ।




**१८ सदस्यीय टोली**

नरेन भट्ट (कप्तान), साहिल पटेल, दर्श सोनार, अशोक धामी, अभिषेक तिवारी (उपकप्तान), सिविन श्रेष्ठ, दिलसाद अलि, दयानन्द मण्डल, अरविन्द घर्ती, युवराज खत्री, विपिनकुमार शर्मा, नितेश पटेल, नीरजकुमार यादव, रोशनकुमार विश्वकर्मा, सन्तोषकुमार यादव, अप्राजित पौडेल, सोहेल कुँवर, अमर मिश्र

# 'मिसन-२०२६' को समीक्षा

**काठमाडौं (प्रस)–** राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले एशियाली खेलकुदमा स्वर्णसहित दोहोरो पदका लागि सुरु गरिएको मिसन २०२६ खेलकुदको महत्वपूर्ण अभियान भएको बताएका छन् ।

मिसन २०२६ को समिक्षा बैठकमा सदस्य सचिव घिसिङले एशियाली खेलकुदमा पदक ल्याउने प्रयास देशकै अभियान भएको उल्लेख गरे । राष्ट्रिय खेलकुद परिषद्ले सन् २०२६ मा जापानमा आयोजना हुने २०औं एशियाली खेलकुदमा स्वर्ण सहित दोहोरो पदकका लागि सन्चालन गरेको विशेष प्रशिक्षणमा आएका समस्याको समाधान तत्काल गर्न निर्देशन पनि दिए ।

कार्यक्रमा विशेष प्रशिक्षणका प्रशिक्षकहरूले खेलाडीमा खेल क्षमता बृद्धि हुँदै गएको प्रतिवेदन पेश गरेका थिए । विशेष प्रशिक्षणमा ११ खेलका ४६ जना पुरुष र ५३ जना महिला खेलाडी सहभागी छन् । खेलाडीहरूलाई २२ जना प्रशिक्षकहरूले प्रशिक्षण दिईरहेको निर्देशक दिपक विष्टले जानकारी दिएका छन् ।

विशेष प्रशिक्षणमा कराते बक्सिङ, उसु, जुडो, कवड्डी, महिला भलिबल, गल्फ, कुश्ती, एथलेटिक्स, तेक्वान्दो र पारा तेक्वान्दोका खेलाडीहरू विशेष प्रशिक्षणमा छन् ।

# सिंगापुर र मलेसियासँग खेल्ने नेपाली टोली घोषणा



■ प्रभाव संवाददाता

**काठमाडौं–** तीन नयाँ खेलाडीलाई पहिलोपल्ट समेट्दै सिंगापुर र मलेसियासँग खेल्ने नेपाली टोली घोषणा गरिएको छ ।

मुख्य प्रशिक्षक म्याट रसले सोमबार २३ सदस्सीय टोली घोषणा गरेका हुन् । नेपालले मार्च २१ मा सिंगारपुरसँग मैत्रीपूर्ण र मार्च २५ मा मलेसियासँग एएफसी एसियन कप छनोट २०२७ खेल्दैछ । रसले यसअघि २७ खेलाडीलाई बन्द प्रशिक्षणमा राखेका थिए । तीमध्ये फरवार्ड सुवास ठकुरी बम, डिफेन्डर सुमन श्रेष्ठ र एन्जल श्रेष्ठले पहिलोपल्ट टोलीमा स्थान बनाएका हुन् ।

यी दुईले स्थान बनाउँदा गोलकिपर विशाल सुनार, डिफेन्डर आशिष गुरुङ तथा फरवार्डद्वय नीराजन धामी र सृजनराज गौतम फ्याँकिएका हुन् । दोस्रो चरणको प्रशिक्षणमा फरवार्ड रेजिन सुब्बा तथा सृर्जनराज गौतम र डिफेन्डर सुमन श्रेष्ठ स्ट्यान्डबाइ सूचीबाट समेटिएका थिए । नेपालले एएफसी एसियन कप छनोट २०२७ को तयारीस्वरूप सिंगापुरसँग मैत्रीपूर्ण फुटबल खेल्न लागेको हो । प्रशिक्षक रसले यही खेलमार्फत डेब्यु गर्नेछन् । एन्फाले उनीसँग एक वर्षको सम्झौता गरेको छ । उक्त खेललगत्तै नेपाली टोली त्यहीबाट मलेसिया प्रस्थान गर्नेछ । पूर्व निर्धारित तालिकाअनुसार नेपालले छनोटको पहिलो खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा खेल्नुपर्ने थियो । तर, मैदान र सुरक्षाका कारण देखाउँदै खेलस्थान मलेसिया सारिएको हो ।

**प्रारम्भिक टोली**

**गोलकिपर:** किरणकुमार लिम्बू, दीप कार्की, एन्जल श्रेष्ठ
**डिफेन्डर:** अनन्त तामाङ, रोहित चन्द, विमल पाण्डे, सनिश श्रेष्ठ, रन्दीप पौडेल, सुमन श्रेष्ठ
**मिडफिल्डर:** लकेन लिम्बू, रोहन कार्की, मणि लामा, भरत खवास, एरिक विष्ट, मनिष डाँगी, आयुष घलान, कृतिशरत्न छिन्जु
**फरवार्ड:** जिलेस्पिजंग कार्की, अञ्जन विष्ट, दीनेश हेन्जन, सुवास ठकुरी बम, रेजिन सुब्बा


**Karnali Province Government**
**Ministry of Physical Infrastructure And Urban Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Humla**

## Invitation for Bids

**IFB No: 5-081/082**
**Date of First Publication: 2081/12/05 (18th Mar, 2025)**

1. Infrastructure Development Office (IDO), Karnali Province, Humla invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

